# फाल्गुनन्द राजपत्र

फाल्गुनन्द गाउँपालिका द्वारा प्रकाशित

खण्ड-८ संख्या-३ मितिः२०८२/१०/२७

भाग-२

फाल्गुनन्द गाउँपालिका

कोशी प्रदेश, नेपाल

## फाल्गुनन्द गाउँपालिका बाल क्लब गठन तथा परिचालन कार्यविधि २०८२

फाल्गुनन्द गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय

फाक्तेप, पाँचथर ।

# फाल्गुनन्द गाउँपालिकाको बांल क्लब गठन तथा परिचालन कार्यविधि

# २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/१०/२७

## फाल्गुनन्द गाउँपालिकाको बाल क्लब गठन तथा परिचालन कार्यविधि, २०८२

फाल्गुनन्द गाउँपालिकाको कार्यालय फाक्तेप, पाँचथर कोशी प्रदेश, नेपाल

**प्रस्तावनाः**

नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा ३९ मा उल्लेख भएको बालबालिकाको हक सम्बन्धि व्यवस्थालाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न, बालबालिका सम्बन्धी ऐन, २०७५, स्थानीय बालअधिकार कार्यविधि, २०७६ तथा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७६ को मर्म अनुरुप गाउँपालिका अन्तर्गत बालक्लब गठन तथा सहजीकरण प्रक्रियालाई व्यवस्थित र प्रभावकारी ढङ्गले लागु गर्न गराउन सहयोग पुगोस् भन्ने उद्देश्यले फाल्गुनन्द गाउँपालिकाले यो कार्यविधि निर्माण गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "फाल्गुनंद गाउँपालिकाको बाल क्लब गठन तथा परिचालन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि फाल्गुनन्द गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएपछि फाल्गुनन्द गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "कार्यविधि" भन्नाले फाल्गुनन्द गाउँपालिकाको बाल क्लब गठन तथा परिचालन कार्यविधि, २०८२ लाई सम्झनुपर्छ ।

(ख) "पदाधिकारी" भन्नाले वडा स्तरीय बाल क्लब तथा गाउँपालिका स्तरीय बाल क्लबको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सहसचिवलाई सम्झनुपर्छ ।

(ग) "अध्यक्ष" भन्नाले कार्यविधि बमोजिम गठन हुने वडा तथा पालिका स्तरीय बाल क्लबको अध्यक्षलाई सम्झनुपर्छ ।

(घ) "उपाध्यक्ष" भन्नाले कार्यविधि बमोजिम गठन हुने वडा तथा पालिका स्तरीय बाल क्लबको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(ङ) "सचिव" भन्नाले कार्यविधि बमोजिम गठन हुने वडा स्तरीय तथा पालिका स्तरीय बाल क्लबको सचिवलाई सम्झनुपर्दछ ।

(च) "कोषाध्यक्ष" भन्नाले कार्यविधि बमोजिम गठन हुने वडा स्तरीय तथा पालिका स्तरीय बाल क्लबको कोषाध्यक्षलाई सम्झनुपर्दछ ।

(छ) "सहसचिव" भन्नाले कार्यविधि बमोजिम गठन हुने वडा स्तरीय तथा पालिका स्तरीय बाल क्लबको सहसचिवलाई सम्झनुपर्दछ ।

(ज) "कार्यकारी सदस्य" भन्नाले कार्यविधि बमोजिम गठन हुने वडा स्तरीय तथा पालिका स्तरीय बालक्लबका कार्यकारी समितिका
सदस्यलाई सम्झनुपर्दछ।

(झ) "साधारण सदस्य" भन्नाले कार्यविधि बमोजिम गठन हुने वडा स्तरीय बाल क्लबमा सूचीकृत सम्बन्धित वडाभित्रका अठार वर्ष मुनिका सबै बालबालिकालाई सम्झनुपर्छ।

(ञ) "सल्लाहकार समिति" भन्नाले प्रत्येक क्लबको कार्यक्षेत्र भित्रका सम्बन्धित वडा कार्यलयले तोकेको टोल विकास संस्थाका १ जना अध्यक्ष सहित क्लबले मनोनयन गरेका अठार वर्ष उमेर पूरा भएका अन्य चार जना सहितको प्रतिनिधित्व रहने गरी कार्यविधिको नियम १८ बमोजिम गठन हुने पाँच सदस्यीय क्लबको सल्लाहकार समितिलाई सम्झनुपर्छ र सो शब्दले आवश्यकता अनुसार गाउँपालिका स्तरीय बाल क्लबको सल्लाहकार समिति समेतलाई सम्झनुपर्छ।

(ट) "गाउँपालिका" भन्नाले फाल्गुनन्द गाउँपालिका तथा मातहतका वडा कार्यालय समेतलाई सम्झनुपर्छ।

(ठ) "क्लब" भन्नाले कार्यविधि बमोजिम गठन हुने वडा स्तरीय बाल क्लब तथा आवश्यकता अनुसार गाउँपालिका स्तरीय बाल क्लब समेतलाई सम्झनु पर्दछ।

(ड) "कार्यकारी समिति" भन्नाले वडा स्तरीय बाल क्लबको पदाधिकारी सहितको पन्ध्र सदस्यीय समिति तथा आवश्यकता अनुसार गाउँपालिका स्तरीय पदाधिकारी सहितको पन्ध्र सदस्यीय समिति समेतलाई सम्झनुपर्छ।

**(३) क्लब गठनका लागि सूचना प्रवाह गर्नुपर्ने:** यो कार्यविधि लागू भएपछि पहिलो पटकका लागि गाउँपालिकाका सम्बन्धित वडा कार्यालयहरुले कम्तीमा १५ दिन अगावै आफ्नो क्षेत्रभित्र सोह्र वर्ष मुनिका बालबालिकाहरु मात्र सम्मिलित क्लब गठन गर्ने मिति, समय, स्थान तथा अन्य आवश्यक कुराहरु खुलाई स्थानीय सञ्चार माध्यम समेतबाट सूचना प्रवाहको व्यवस्था मिलाउनु पर्नेछ।

**(४) क्लब गठन गर्नुपर्ने:** नियम ३ बमोजिम उल्लिखित मिति, समय र स्थानमा पहिलो पटकका लागि क्लब गठन गर्न कार्यपालिकाले तोकेको एकजना कार्यपालिकाको सदस्य, सम्बन्धित वडाको वडाअध्यक्ष र सम्बन्धित वडाको कम्तीमा एकजना महिला वडा सदस्यको अनिवार्य उपस्थितिमा उपस्थित बालबालिकाहरुको भेलाबाट ५० प्रतिशत महिला र ५० प्रतिशत पुरुषको प्रतिनिधित्व हुने गरी सकभर समावेशीता समेतलाई सम्बोधन गर्दै सर्वसम्मत हुने गरी १५ सदस्यीय क्लबको पदाधिकारी सहितको कार्यकारी समिति गठन गर्नु पर्नेछ।

**(५) क्लब दर्ता तथा नवीकरण:** कार्यविधिको नियम ४ बमोजिम गठन हुने प्रत्येक क्लबको दर्ता तथा नवीकरण अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयले गर्नु पर्दछ।

**(६) वार्षिक साधारण सभा र नेतृत्व चयन:**

(१) सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३५ दिनभित्र कम्तीमा ७ (सात) दिन अगावै प्रत्येक क्लबको अध्यक्षले वार्षिक साधारण सभा बोलाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम वार्षिक सभा नबोलाइएको अवस्थामा सम्बन्धित वडाका वडाअध्यक्षले ७ दिनभित्र सम्बन्धित क्लबको वार्षिक साधारण सभा बोलाई दिनुपर्नेछ।

(३) वार्षिक साधारण सभाको गणपुरक संख्या कुल सदस्य संख्याको ५१ प्रतिशत हुनेछ।

(४) वार्षिक साधारण सभाको अध्यक्षता क्लबको अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । क्लबको अध्यक्ष र उपाध्यक्ष दुवै अनुपस्थित भएमा उपस्थित बहुमत सदस्यहरुले छानेको सदस्यले वार्षिक साधारण सभाको अध्यक्षता गर्नेछ।

(५) वार्षिक साधारण सभाले प्रत्येक आर्थिक वर्षका लागि पदाधिकारी र कार्यकारी सदस्य सहितको नेतृत्व चयन गर्नेछ र यसरी नेतृत्व चयन गर्दा विगतका क्लबमा बसेको व्यक्ति पुनः पदाधिकारी तथा कार्यकारी सदस्यमा दोहोरिन पाउने छैन।

(६) उपनियम ५ बमोजिम नेतृत्व चयन गर्दा नियम ३ बमोजिमको पदाधिकारीहरुको रोहवरमा सोही नियममा उल्लिखित प्रावधानको अवलम्बन गरी क्लबको १५ सदस्यीय नयाँ कार्यकारी समिति चयन गनुपर्नेछ

**(७) कार्यकारी समितिः**

(१) प्रत्येक क्लबमा १५ सदस्यीय एक कार्यकारी समिति रहनेछ।

(२) कार्यकारी समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ।

(३) कार्यकारी समितिको बैठकमा कार्यकारी समितिमा तत्काल कायम रहेका सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) कार्यकारी समितिको बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ।

(५) उपनियम ४ बमोजिम सर्वसम्मतिबाट निर्णय हुन नसकेमा कार्यकारी समितिमा तत्काल कायम रहेको सदस्य संख्याको बहुमत सदस्यबाट गरेको निर्णय कार्यकारी समितिको निर्णय हुनेछ।

(६) वार्षिक साधारण सभा गर्ने भनी कार्यविधिमा स्पष्ट व्यवस्था भएकोमा बाहेक क्लबबाट सम्पादन हुने काम कारबाही क्लबको कार्यकारी समितिले गर्नेछ।

(७) कार्यकारी समितिको बैठकमा सम्बन्धित वडाको एक जना प्रतिनिधिलाई अनिवार्य आमन्त्रण गर्नु पर्नेछ।

(८) कार्यकारी समितिमा समावेशीताको सिद्धान्त बमोजिम देहायका पदाधिकारीहरु रहनेछनः

क) अध्यक्ष : १ जना
ख) उपाध्यक्षः १ जना
ग) सचिवः १ जना
घ) सहसचिव : १ जना

ङ) कोषाध्यक्ष : १ जना
च) सदस्य : ९ जना
छ) सहजकर्ता: १ जना

**(८) अभिलेख राखी दिनु पर्नेः** प्रत्येक क्लबले आफ्नो काम कारबाही व्यवस्थित र पारदर्शी गर्नका लागि तयार गरेका देहाय बमोजिमका अभिलेखहरु सम्बन्धित वडा कार्यालयको वडा सचिवले अद्यावधिक राखि दिनु पर्नेछः-

(क) सदस्य दर्ता अभिलेख,

(ख) साधारण सभा र कार्यकारी समितिसँग सम्बन्धित सम्पूर्ण अभिलेख,

(ग) गाउँपालिकाले तोकेको अन्य आवश्यक कुराहरु ।

**(९) क्लबको सदस्यता प्राप्ति र निलम्बनः**

(१) क्लबको कार्य क्षेत्रभित्रका प्रत्येक घरघुरीका १८ वर्ष मुनिका बालबालिकाले क्लबको सदस्यता लिन चाहेमा सम्बन्धित वडा सचिव मार्फत् कार्यकारी समिति समक्ष सदस्यता प्राप्तिका लागि आवेदन दिनु पर्नेछ र क्लबको कार्यकारी समितिले आफ्नो कार्य क्षेत्रभित्रको बालबालिका भए नभएको यकिन गरी कार्य क्षेत्रभित्रको भए साधारण सदस्यमा सूचीकृत गर्नु पर्नेछ ।

(२) कायविधि विपरित कार्य गर्ने क्लबको कुनै पनि सदस्यलाई क्लबको कार्यकारी समितिको बहुमत सदस्यले निर्णय गरी बढीमा ६ महिनासम्मका लागि सदस्य पदबाट निलम्बन गर्न सक्नेछ ।

**(१०) क्लबको काम, कर्तव्य र अधिकारः** यस कार्यविधिको अन्यत्र नियममा उल्लेख गरिएका काम, कर्तव्य र अधिकारका अलावा प्रत्येक क्लबको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) क्लबमा आबद्ध सदस्य सहित १८ वर्ष मुनिका सबै बालबालिकाहरुको क्षमता विकास अभिवृद्धि हुने खालका हाजिरी जवाफ वक्तृत्वकला, निबन्ध लेखन, साहित्यिक गतिविधि आदि सञ्चालन गर्ने ।

(ख) विद्यालय भर्ना हुने उमेर समूहका बालबालिकाहरु विद्यालय भर्नाबाट वञ्चित रहे नरहेको बारेमा निरन्तर अनुगमन गर्ने र विद्यालय नगएका बालबालिकालाई विद्यालय भर्ना गर्नका लागि सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी विद्यालय भर्ना गर्ने व्यवस्था मिलाउने ।

(ग) गाउँपालिका तथा आफ्नो वडाभित्रका टोल विकास संस्थाहरुले सञ्चालन गर्ने जनचेतनामूलक कार्यमा सक्रिय सहभागिता जनाउने।

(घ) बालमैत्री शासन प्रवर्द्दनका लागि निर्धारित सूचकहरु कार्यान्वयनमा सदैव अग्रसर रही बालमैत्री फाल्गुनन्द गाउँपालिका निर्माण अभियानमा गाउँपालिकालाई निरन्तर सहयोग गर्ने।

(ङ) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता, पूर्ण सरसफाई आदि अभियानमा गाउँपालिका तथा टोल विकास संस्थाहरुलाई सहयोग गर्ने।

(च) फाल्गुनन्द गाउँपालिकालाई मुलुकमै नमूना गाउँपालिकाको रुपमा स्थापना गर्ने तर्फ सदैव अग्रसर रहने।

(छ) आफ्नो वडालाई शैक्षिक बन्द, हड्ताल निषेधित क्षेत्र तोक्ने व्यवस्था मिलाउने ।

(ज) क्लबले आफूलाई प्राप्त जिम्मेवारी कार्यान्वयन गर्न कार्यकारी सदस्यको संयोजकत्वमा बढिमा ५ जना साधारण सदस्यहरु सम्मिलित उपसमितिहरु गठन गर्न सक्ने ।

(झ) गाउँपालिकाले तोकेका अन्य कार्यहरु गर्ने गराउने

**(११) अध्यक्षको काम, कर्तव्य र अधिकारः**

यस कार्यविधिको अन्यत्र नियममा उल्लेख गरिएको काम, कर्तव्य र अधिकारको अलावा प्रत्यक क्लबको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वार्षिक साधारण सभा र कार्यकारी समितिको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने,

(ख) वार्षिक साधारण सभा र कार्यकारी समितिको बैठकको कार्यसूचि तथा प्रस्ताव पेश गर्ने गराउने,

(ग) गाउँसभा, गाउँपालिका एवं क्लबको साधारण सभा र कार्यकारी समितिको निर्णय कार्यान्वयन गर्ने गराउने सदैव तत्लीन रहने,

(घ) कार्यकारी समितिको कामको सामान्य रेखदेख, निर्देशन र नियन्त्रण गर्ने,

(ङ) क्लबको प्रतिनिधित्व एकल रुपमा गर्नुपर्ने भएमा सो कार्य गर्ने,

(च) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने ।

**(१२) उपाध्यक्षको काम, कर्तत्य र अधिकारः** प्रत्येक क्लबको उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अध्यक्षको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने,

(ख) क्लबका सदस्यहरुलाई तोकिएको काममा सहजीकरण र समन्वय गर्ने,

(ग) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने,

**(१३) सचिवको काम, कर्तव्य र अधिकारः** प्रत्येक क्लबको सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) साधारण सभा र कार्यकारी समितिको सचिवको रुपमा काम गर्ने

(ख) साधारण सभा र कार्यकारी समितिको निर्णयको अभिलेख सम्बन्धित वडा सचिवलाई बुझाउने ।

(ग) अध्यक्षको निर्देशनमा साधारण सभा र कार्यकारी समितिको बैठकको लागि पत्राचार गर्ने (घ) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने ।

**(१४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः** प्रत्येक क्लबको कोषाध्यक्षको काम, अधिकार देहाय बमोजिम हुनेछ ।

(क) क्लबमा आबद्ध सदस्यहरुले स्वेच्छाले संकलित कोषको हिसाब तथा अभिलेख दुरुस्त राख्ने ।

(ख) क्लबबाट संचालित कार्यक्रमहरुको अभिलेख राख्ने ।

(ग) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने ।

**(१५) सहसचिवको काम, कर्तव्य र अधिकारः** प्रत्येक क्लबको सहसचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) सचिवको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने ।

(ख) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने ।

**१८. कार्यकारी सदस्यको काम, कर्तव्य र अधिकारः** प्रत्येक क्लबको कार्यकारी सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्यकारी समितिको बैठकमा भाग लिई निर्णय प्रक्रियामा सक्रिय सहभागिता जनाउने।

(ख) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने ।

**१७.साधारण सदस्यको काम, कर्तव्य र अधिकारः** कार्यविधिको नियम ९ को उपनियम (१) बमोजिम क्लबमा आबद्ध साधारण सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) वार्षिक साधारण सभामा भाग लिई निर्णय प्रकृयामा सकृय सहभागिता जनाउने ।

(ख) आफ्नो क्षेत्रभित्र संचालित कार्यक्रम कार्यान्वयनमा क्लबलाई रचनात्मक सल्लाह सुझाव सहित निरन्तर सहयोग गर्ने ।

(ग) साधारण सभा र कार्यकारी समितिले तोकेका अन्य काम गर्ने ।

**१८. सल्लाहकार समितिको गठन, काम, कर्तव्य र अधिकारः-** (१) प्रत्येक वडा स्तरीय क्लबमा एक सल्लाहकार समिति रहनेछ। तर पहिलो पटक क्लबको कार्यकारी समिति सँगै गठित सल्लाहकार समिति यसै कार्यविधि बमोजिम गठन भएको मानिनेछ।

(२) गाउँपालिका स्तरीय बाल क्लबको सल्लाहकार समितिमा गाउँ कार्यपालिकाले तोकेका अठार वर्ष उमेर पूरा भएका बढीमा पाँच जना सदस्य रहेको एक समिति रहनेछ।

(३) सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) क्लबले सम्पादन गरिरहेका क्रियाकलापहरुको बारेमा क्लबलाई सल्लाह, सुझाव र मार्गदर्शन गर्ने र सोको जानकारी गाउँपालिकालाई समेत गराउने।

(ख) गाउँपालिकाले तोकेको अन्य काम गर्ने।

**१९. प्रतिवेदन र पुरस्कारः-**

(१) सम्बन्धित वडा कार्यालयले आफ्नो वडाको क्लबबाट सम्पादित क्रियाकलापहरुको प्रतिवेदन अर्धवार्षिक रुपमा गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ

(२) उपनियम (१) बमोजिम प्राप्त प्रतिवेदनका आधारमा गाउँपालिकाको प्रत्येक आर्थिक वर्षमा सबैभन्दा उत्कृष्ट र सिर्जनात्मक कार्य सम्पादन गर्ने एउटा क्लबलाई क्षमता बिस्तार तथा सुदृढीकरणका लागि नगद अनुदान सहित पुरस्कृत गर्नेछ।

**२०.गाउँपालिका स्तरीय बाल क्लबको गठन, काम, कर्तव्य र अधिकारः-**

(१) कार्यविधि बमोजिम प्रत्येक वडामा गठन हुने वडा स्तरीय बाल क्लबहरुको कार्यकारी समितिबाट दुई/दुई जना पदाधिकारीको प्रतिनिधित्व रहने गरी एक जना अध्यक्ष, उपाध्यक्ष, एकजना सचिव, एकजना कोषाध्य, एक जना सहसचिव, अन्य नौ जना कार्यकारी सदस्य र १ जना सहजकर्ता सहित पन्ध्र सदस्यीय एक गाउँपालिका स्तरीय बाल क्लबको गठन गाउँ कार्यपालिकाले तोकेको कार्यपालिका सदस्यको उपस्थितिमा हुनेछ। यसरी गठन - हुने गाउँपालिका स्तरीय क्लबको दर्ता तथा नवीकरण अनुसूची-२ बमोजिमको ढाँचामा गाउँ कार्यपालिकाको कार्यलयमा गर्नु पर्नेछ।

(२) एक पटक गाउँपालिका स्तरीय बाल क्लबको अध्यक्ष भएको व्यक्ति पुनः अध्यक्ष पदमा नदोहोरिने गरी प्रत्येक वर्ष उपनियम (१) मा उल्लिखित प्रक्रिया अवलम्बन गरी गाउँपालिका स्तरीय क्लबको पुनर्गठन गर्नु पर्नेछ।

(३) गाउँपालिका स्तरीय बाल क्लबको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) प्रत्येक वडा स्तरीय क्लबमा आवद्ध सदस्यसहित अठार वर्षमुनिका सबै बालबालिकाहरुको क्षमता विकास अभिवृद्धि हुने खालका गाउँपालिका स्तरीय हाजिरी जवाफ, वक्तृत्वकला, निबन्ध लेखन, साहित्यिक गतिविधि आदि संचालन गर्ने ।

(ख) गाउँपालिका क्षेत्रभित्र विद्यालय भर्ना हुने उमेर समूहका बालबालिकाहरु विद्यालय भर्नाबाट वञ्चित रहे नरहेको बारेमा निरन्तर अनुगमन गर्ने र विद्यालय नगएका बालबालिकालाई विद्यालय भर्ना गर्नका लागि सम्वन्धित वडा कार्यालय एवं गाउँ कार्यपालिकाको कार्यालयसँग आवश्यक समन्वय गरी विद्यालय भर्ना व्यवस्था मिलाउने।

(ग) गाउँपालिका तथा प्रत्येक वडाभित्रका टोल विकास संस्थाहरुले संचालन गर्ने जनचेतानमूलक कार्यमा सक्रिय सहभागिता जनाउने ।

(घ) बालमैत्री शासन प्रवर्द्दनका लागि निर्धारित सूचकहरु कार्यान्वयनमा सदैव अग्रसर रही बालमैत्री फाल्गुनन्द गाउँपालिका निर्माण अभियानमा गाउँपालिकालाई निरन्तर सहयोग गर्ने।

(ङ) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता, पूर्ण सरसफाई आदि अभियानमा गाउँपालिका तथा टोल विकास संस्थाहरुलाई सहयोग गर्ने ।

(च) फाल्गुनन्द गाउँपालिकालाई मुलुककै नमूना गाउँपालिकाको रुपमा स्थापना गर्न सदैव अग्रसर रहने ।

(छ) गाउँपालिकालाई शैक्षिक बन्द हड्ताल निषेधित क्षेत्र तोक्ने व्यवस्था मिलाउने ।

(ज) गाउँपालिकाले तोकेका अन्य कार्यहरु गर्ने गराउने।

**२१.क्लबको कार्यकारी समितिको निलम्बन वा खारेजी:**

(१) देहायका उल्लिखित कुनै पनि अवस्थामा सम्बन्धित वडा समितिले वडा स्तरीय बाल क्लबको कार्यकारी समितिलाई अर्को व्यवस्था नहुञ्जेल सम्मको लागि निलम्बन वा खारेजी गर्न सक्नेछ,

(क) कार्यविधिमा उल्लिखित समयावधिमा वार्षिक साधारण सभा वा कार्यकारी समितिको बैठक नबसेमा,

(ख) कार्यविधिमा उल्लिखित प्रावधान विपरितको कार्य गरेको प्रमाणित भएमा,

(ग) गाउँपालिकाले दिएको निर्देशनको बारम्बार उल्लघंन गरेमा,

(२) उपनियम (१) बमोजिम कुनै पनि क्लबको कार्याकारी समितिलाई निलम्वन वा खारेजी गर्नु अघि वडा समितिले उक्त क्लबको कार्यकारी समितिलाई ७ (सात) दिनको म्याद दिई सफाई पेश गर्ने मौका दिनेछ ।

(३) उपनियम (२) बमोजिमको समयावधिमा क्लबको कार्यकारी समितिले चित्तबुझ्दो सफाई पेश गरेको वडा समितिलाई लागेमा वडा समितिले क्लबको कार्यकारी समिति निलम्वन वा खारेजी प्रक्रियालाई स्थगन गर्न सक्नेछ ।

(४) उपनियम (१) बमोजिम कुनै पनि क्लबको कार्यकारी समिति खारेजी भएमा सम्बन्धित वडाले कार्यविधिको दफा ४ बमोजिमको प्रक्रिया अवलम्बन गरी क्लबमा सूचीकृत सदस्यहरुको भेलाबाट पुनः क्लबको नयाँ कार्यकारी समिति गठन गर्नु पर्दछ ।

(५) गाउँपालिका स्तरीय बाल क्लबको कार्यकारी समितिको निलम्बन वा खारेजीको हकमा उपनियम (१) को खण्ड (क), (ख) र (ग) मा उल्लिखित प्रावधान बमोजिम कार्य गरेको भनी कार्यपालिकालाई लागेमा उपनियम (२) र (३) बमोजिमको प्रक्रिया कार्यपालिकाले अबलम्बन गरी क्लबको निलम्बन वा खारेजिको प्रक्रियाका बारेमा कार्यपालिकाले उपयुक्त निर्णय लिन सक्नेछँ । तर, वडा स्तरीय बालक्लब उपनियम (१) बमोजिम निलम्बन वा खारेजी भएको अवस्थामा उक्त क्लबबाट गाउँपालिका स्तरीय बाल क्लबमा प्रतिनिधित्व गर्ने पदाधिकारीको पद रिक्त भएको मानिनेछ र उपनियम (४) बमोजिम सम्बन्धित क्लबले प्रमाणपत्र पाएपछि उक्त क्लबबाट गाउँपालिका स्तरीय बाल क्लबमा रिक्त भएको पद स्वत पूर्ति गर्नुपर्नेछ ।

**२२. क्लब गठनमा लैगिंक समावेशीता कायम गर्नुपर्ने:**

(१) यस कार्यविधि बमोजिम गठन गरिने वडा स्तरीय बाल क्लब तथा गाउँपालिका स्तरीय बाल क्लबको कार्यकारी समितिमा सकभर महिला र पुरुषको बराबरी उपस्थितिमा हुने व्यवस्था मिलाउनु पर्नेछ भने अध्यक्ष र सचिव पदमा एक जना महिला र एकजना पुरुषको अनिवार्य सुनिश्चितता मिलाउनु पर्नेछ ।

अनुसूची-१

(नियम ३ सँग सम्बन्धित )

फाल्गुनन्द गाउँपालिका

..नं. वडा कार्यालय

## बाल क्लब दर्ताको प्रमाण-पत्र

दर्ता नं.:-

फाल्गुनन्द गाउँपालिका क्षेत्रभित्र बालमैत्री शासन प्रवर्द्दनका लागि "फाल्गुनन्द गाउँपालिकाको बाल क्लब गठन तथा परिचालन कार्यविधि, २०८२" नियम ३ बमोजिम फाल्गुनन्द गाउँपालिकाको वडा नं. ..... भरी आफ्नो कार्यक्षेत्र रहने गरी देहाय बमोजिमको बाल क्लब दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

(क) क्लबको नामः वडास्तरीय बाल क्लब वडा नं...

(ख) क्लब रहने ठेगानाः वडा नं........

द्रष्टव्यः कार्यविधिको नियम (५) बमोजिमको प्रत्येक वर्ष वार्षिक साधारण सभा गरी नियम (३) बमोजिम क्लबको नवीकरण गर्नु पर्दछ। क्लब दर्ता गर्ने अधिकारीको नाम, थर र दर्जाः

दस्तखतः

नाम, थरः

दर्जाः

वडा नं.

**नवीकरण**

| क्र.स. | नवीकरण बहाल रहने अवधि | | नवीकरण गर्ने कार्यालयको छाप र हस्ताक्षर |
|---|---|---|---|
| | देखि | सम्म | |
| | | | |
| | | | |

अनुसुची-२

(नियम ३ सँग सम्बन्धित )

फाल्गुनन्द गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

फाक्तेप, पाँचथर, कोशी प्रदेश, नेपाल

**गाउँपालिका स्तरीय बाल क्लब दर्ताको प्रमाण-पत्र**

दर्ता नं:-

फाल्गुनन्द गाउँपालिका क्षेत्रभित्र बालमैत्री शासन प्रवर्दनका लागि "फाल्गुनन्द गाउँपालिकाको बाल क्लब गठन तथा परिचालन कार्यविधि, २०८२" को नियम ३ बमोजिम गाउँपालिका क्षेत्र भरी आफ्नो कार्यक्षेत्र रहने गरी देहाय बमोजिमको हुने गरी बाल क्लब दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

(क) क्लबको नामः गाउँपालिका स्तरीय बाल क्लब फाल्गुनन्द

(ख) क्लब रहने ठेगानाः फाल्गुनन्द गाउँपालिका

द्रष्टव्यः कार्यविधिको नियम (५) बमोजिमको प्रत्येक वर्ष बार्षिक साधारण सभा गरी नियम (३) बमोजिम क्लबको नवीकरण गर्नु पर्दछ । क्लब दर्ता गर्ने अधिकारीको नाम, थर र दर्जाः

दस्तखतः

नाम, थरः

दर्जाः

वडा नं.

**नवीकरण**

| क्र.स. | नवीकरण बहाल रहने अवधि | | नवीकरण गर्ने कार्यालयको छाप र हस्ताक्षर |
|---|---|---|---|
| | देखि | सम्म | |
| | | | |
| | | | |

आज्ञाले

देवी तुम्बापो

प्रमुख प्रशासकीय अधिकृत

देवी तुम्बापो

प्रमुख प्रशासकीय अधिकृत